## गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७८

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यी नियमहरूको नाम "गण्डकी प्रदेश निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "उपभोक्ता समिति" भन्नाले स्थानीय तहमा सञ्चालन हुने कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रमबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरु मध्येबाट प्रचलित कानून बमोजिम गठित उपभोक्ता समिति सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस नियमावली बमोजिम सञ्चालन हुने निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम सम्झनु पर्छ र सो शब्दले त्यस्ता कार्यक्रम सञ्चालन हुने पूर्वाधार निर्माण आयोजना समेतलाई जनाउनेछ।

(ग) "कार्यालय" भन्नाले गण्डकी प्रदेश सरकारको भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गतको सम्बन्धित जिल्लाको पूर्वाधार विकास कार्यालय सम्झनु पर्छ।

(घ) “निर्देशक समिति” भन्नाले नियम ३ बमोजिमको निर्वाचन क्षेत्र पूर्वाधार विकास निर्देशक समिति सम्झनु पर्छ ।

(ङ) “प्रदेश सभा” भन्नाले नेपालको संविधानको धारा १७५ बमोजिमको गण्डकी प्रदेश सभा सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय सम्झनु पर्छ।

(छ) "विषयगत मन्त्रालय" भन्नाले गण्डकी प्रदेश सरकारको विषयगत मन्त्रालय सम्झनु पर्छ र सो शब्दले गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतलाई जनाउँछ।

(ज) “समिति” भन्नाले भन्नाले नियम ४ बमोजिमको निर्वाचन क्षेत्र पूर्वाधार विकास समिति सम्झनुपर्छ ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका वा महानगरपालिका सम्झनु पर्छ।

प्रमुख सचिव

३. <u>निर्वाचन क्षेत्र पूर्वाधार विकास निर्देशक समिति:</u> (१) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रमको मापदण्ड, प्राथमिकता, प्रभावकारिता, नीतिगत मार्गदर्शन र कार्यान्वयन सहजीकरण गर्न देहाय बमोजिमको एक निर्वाचन क्षेत्र पूर्वाधार विकास निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) मुख्यमन्त्री | -संयोजक |
| (ख) मन्त्री, भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय | - सदस्य |
| (ग) मन्त्री, मन्त्रालय | -सदस्य |

(२) मन्त्रालयको सचिवले समितिको सचिव भई काम गर्नेछ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(४) निर्देशक समितिको बैठक सम्बन्धी कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ।

४. <u>निर्वाचन क्षेत्र पूर्वाधार विकास समिति:</u> (१) यस नियमावली बमोजिम कार्यक्रमको छनौट र कार्यान्वयन गर्न नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिमको गण्डकी प्रदेश सभा सदस्यको लागि निर्धारित प्रत्येक निर्वाचन क्षेत्रमा देहाय बमोजिमको एक निर्वाचन क्षेत्र पूर्वाधार विकास समिति रहनेछः-

(क) सम्बन्धित निर्वाचन क्षेत्रको पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाको सदस्य, -संयोजक

(ख) सम्बन्धित निर्वाचन क्षेत्रबाट समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्य, -सदस्य

(२) उपनियम (१) को खण्ड (क) बमोजिमको प्रदेश सभा सदस्य पद रिक्त रहेको अवस्थामा सम्बन्धित निर्वाचन क्षेत्रबाट प्रदेश सभामा प्रतिनिधित्व गर्ने सदस्य मध्ये ज्येष्ठ सदस्यले संयोजकको रूपमा कार्य गर्नेछ ।

(३) समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभाका सदस्य आफ्नो स्थायी ठेगाना भएको निर्वाचन क्षेत्रमा मात्रै उपनियम (१) बमोजिमको समितिको सदस्य हुन सक्नेछ।

(४) उपनियम (३) बमोजिमका प्रदेश सभा सदस्यले आफ्नो स्थायी ठेगाना भएको निर्वाचन क्षेत्र खुलाई असार पन्ध्र गते भित्र मन्त्रालयमा लिखित रूपमा जानकारी दिनु पर्नेछ।

तर यो नियमावली प्रारम्भ भएपछि पहिलो पटकको हकमा यो नियमावली प्रारम्भ भएको पन्ध्र दिनभित्र त्यस्तो जानकारी दिनु पर्नेछ।

प्र. सचिव

(५) कार्यालय प्रमुख वा कार्यालयको अधिकृत प्रतिनिधिले समितिको सचिव भई काम गर्नेछ।

(६) कुनै निर्वाचन क्षेत्रमा उपनियम (१) बमोजिमको समितिमा संयोजक र सदस्य नरहेको अवस्थामा निर्देशक समितिले सम्बन्धित निर्वाचन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्न आवश्यक व्यवस्था गर्न सक्नेछ ।

५. निर्वाचन क्षेत्र पूर्वाधार विकास समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नेपालको संविधानको धारा १७६ को उपधारा (१) को खण्ड (क) बमोजिम गण्डकी प्रदेश सभा सदस्यको लागि निर्धारित प्रत्येक निर्वाचन क्षेत्र अन्तर्गत रहेका स्थानीय तहको वार्षिक विकास कार्यक्रम सङ्कलन तथा विश्लेषण गर्ने,

(ख) कार्यक्रम अन्तर्गत सञ्चालन हुने आयोजना छनौटका मापदण्ड तयार गर्ने,

(ग) नियम ८ बमोजिम छनौट भएका आयोजनाको स्वीकृति दिने,

(घ) समितिबाट स्वीकृत भएका आयोजना कार्यान्वयनको लागि मन्त्रालय र विषयगत मन्त्रालयमा लेखी पठाउने,

(ङ) समितिबाट स्वीकृत भएका आयोजनाको बारेमा सम्बन्धित स्थानीय तहलाई जानकारी गराउने।

६. निर्वाचन क्षेत्र पूर्वाधार विकास समितिको बैठक सम्बन्धी कार्यविधि:- (१) समितिको बैठक देहाय बमोजिम वर्षको कम्तीमा तीन पटक बस्नेछः-

(क) गत आर्थिक वर्षको कार्यक्रम कार्यान्वयनको समीक्षा तथा चालु आर्थिक वर्षको आयोजना छनौट सम्बन्धी छलफल गर्न भाद्र मसान्त भित्र,

(ख) चालु आर्थिक वर्षमा कार्यान्वयनमा रहेका कार्यक्रमको समीक्षा तथा आयोजना कार्यान्वयन सम्बन्धी मार्गदर्शन गर्न माघ मसान्तभित्र,

(ग) आगामी आर्थिक वर्षको लागि स्थानीय तहको वार्षिक योजनामा कार्यक्रम समावेश गर्न जेष्ठ मसान्तभित्र।

(२) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ । बैठक बस्ने सूचना बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगावै सदस्यहरूलाई दिनु पर्नेछ।

(३) समितिको निर्णय सर्वसम्मतिबाट हुनेछ।

तर कुनै सदस्यले नियम ८ को उपनियम (११) बमोजिम कार्यक्रम छनौट सम्बन्धी निर्णय गर्न वाधा पुगेको मानिने छैन ।

प्रमुख सचिव

७. <u>आयोजनाको किसिम:</u> (१) यस नियमावली बमोजिम देहायका सार्वजनिक उपयोगसँग सम्बन्धित पूर्वाधार विकास सम्बन्धी आयोजना सञ्चालन गर्न सकिनेछः-

(क) नदी, गल्छी, बाढी तथा पहिरो नियन्त्रण एवं सिँचाइ सम्बन्धी आयोजना,

(ख) सडक निर्माण तथा स्तरोन्नति (सडक, सडक पुल, झोलुङ्गे पुल, कल्भर्ट, ढल, काठेपुल निर्माण) सम्बन्धी आयोजना,

(ग) खानेपानी तथा सरसफाइ, फोहरमैला व्यवस्थापन तथा ल्याण्डफिल साइट निर्माण आयोजना,

(घ) ऐतिहासिक, सांस्कृतिक, पुरातात्विक र पर्यटकीय स्थलको संरक्षण, जीर्णोद्धार तथा निर्माण आयोजना र भ्यू टावर निर्माण, पदमार्ग, विश्राम स्थल, भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण सम्बन्धी कार्यक्रम लगायतका पर्यटन विकास सम्बन्धी आयोजना,

(ङ) नवीकरणीय ऊर्जा, लघु जलविद्युत तथा विद्युतीकरण सम्बन्धी आयोजना,

(च) स्वास्थ्य चौकी, प्रसूती भवन, कर्मचारी आवास, शवदाह गृह, सार्वजनिक शौचालय, प्रहरी चौकी, बाल विकास केन्द्र, बहुउद्देश्यीय भवन, सामुदायिक भवन, पुस्तकालय, विपन्न एवम् भूमिहीन नागरिकहरूको लागि आवास भवन, वृद्धाश्रम भवन, अनाथालय तथा पुनर्स्थापना केन्द्र निर्माण सम्बन्धी आयोजना,

(छ) कृषि उपज सङ्कलन केन्द्र निर्माण, कृषि तथा पशुपक्षी हाट बजार व्यवस्थापन लगायतका कृषि सम्बन्धी अन्य आयोजना,

(ज) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकास सम्बन्धी आयोजना,

(झ) खेलकुद मैदान तथा पूर्वाधार निर्माण, सार्वजनिक उद्यान तथा सभागृह निर्माण सम्बन्धी आयोजना,

(ञ) लघु तथा घरेलु उद्यम व्यवसायको पूर्वाधार विकास सम्बन्धी आयोजना,

(ट) समितिले उपयुक्त देखेका सामुदायिक पूर्वाधार विकास सम्बन्धी अन्य आयोजना तथा कार्यक्रम,

(ठ) माथि उल्लिखित आयोजनको लागि सामग्री खरिद,

(ड) आयोजनासँग सम्बन्धित डि.पि.आर. लगायतका परामर्श सेवा खरिद।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कोभिड-१९ को असर न्यूनीकरण गर्न यस कार्यक्रम अन्तर्गत कुल बजेटको कम्तीमा पच्चीस प्रतिशत बजेट देहाय बमोजिमका उत्पादन तथा सेवामूलक क्षेत्रसँग सम्बन्धित पूर्वाधार विकासमा विनियोजन गर्नु पर्नेछः-

(क) कृषि,

(ख) पशुपालन,

गण्डकी प्रदेश सरकार
कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय
पोखरा, नेपाल

सचिव

(ग) पर्यटन ।

(३) गैर सरकारी संस्था वा सहकारी संस्थामार्फत आयोजना कार्यान्वयन गर्न र उपनियम (१) र (२) मा तोकिए बाहेकका अन्य प्रकृतिका आयोजना छनौट गर्न पाइने छैन।

तर सामुदायिक विद्युतीकरणसँग सम्बन्धित सहकारी संस्था मार्फत सम्बन्धित क्षेत्रको विद्युतीकरण गर्ने आयोजना कार्यान्वयन गर्न यस उपनियमले बाधा पुऱ्याएको मानिने छैन।

८. <u>आयोजना छनौटः</u> (१) समितिले नियम ७ मा उल्लिखित आयोजनाहरू मध्येबाट यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजना छनौट गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको आयोजना छनौट गर्दा सम्भव भएसम्म सहभागितामूलक योजना पद्दतिबाट छनौट भएका आयोजना मध्येबाट छनौट गर्नु पर्नेछ।

(३) समितिले आयोजना छनौट गर्दा सम्भव भएसम्म एक आर्थिक वर्षभित्र कार्यान्वयन गर्न सकिने आयोजना भदौ मसान्तभित्र छनौट गर्नुपर्नेछ र त्यसरी छनौट भएका आयोजनाको बारेमा सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ ।

तर यो नियमावली प्रारम्भ भएको आर्थिक वर्षको हकमा नियमावली प्रारम्भ भएको मितिले पैंतीस दिनभित्र आयोजना छनौट गर्न बाधा पर्ने छैन ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक आर्थिक वर्षमा सम्पन्न हुन नसक्ने आयोजनाको हकमा विषयगत मन्त्रालय वा स्थानीय तहले उक्त आयोजनालाई आफ्नो योजनामा समावेश गरी बहुवर्षीय आयोजनाका रुपमा कार्यान्वयन गर्न सक्नेछ।

(५) उपनियम (३) बमोजिम छनौट गरिएका आयोजनाको सूची अनुसूची -१ बमोजिमको ढाँचामा तथा उपनियम (४) बमोजिमको आयोजनाको सूची अनुसूची-२ बमोजिमको ढाँचामा समितिले आयोजना छनौट भएको पन्ध्र दिनभित्र मन्त्रालय, विषयगत मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनु पर्नेछ।

(६) उपनियम (५) बमोजिम आयोजनाको सूची प्राप्त नभएमा यस नियमावली बमोजिमको रकम निकासा गर्न मन्त्रालय बाध्य हुने छैन।

(७) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहायका आयोजनालाई समेत प्राथमिकतामा राख्नु पर्नेछः-

(क) प्रदेशको आवधिक विकास योजना र अन्य क्षेत्रगत योजनाको प्राथमिकतामा परेका पूर्वाधार सम्बन्धी आयोजना,

गण्डकी प्रदेश सरकार
कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय
पोखरा, नेपाल

(ख) श्रममा आधारित रोजगारी सिर्जना गर्ने किसिमका पूर्वाधार सम्बन्धी आयोजना,

(ग) बढी जनसहभागिता हुने पूर्वाधार सम्बन्धी आयोजना,

(घ) पर्यटन क्षेत्रको विकास तथा सुदृढीकरण गरी रोजगारी सृजना गर्ने आयोजना,

(ङ) विपद्बाट क्षति भएको वा हुन सक्ने समस्यालाई सम्बोधन गर्ने पूर्व तयारी र जोखिम न्यूनीकरण गर्ने पूर्वाधार सम्बन्धी आयोजना,

(च) सम्बन्धित निर्वाचन क्षेत्रभित्रका स्थानीय तहले दुई वा सो भन्दा बढी स्थानीय तहलाई फाइदा पुग्ने भनी छनौट गर्नका लागि अनुरोध गरेका पूर्वाधार सम्बन्धी आयोजना,

(छ) स्थानीय तह तथा प्रदेश सरकार अन्तर्गत पर्न आएका विषयगत कार्यालयबाट सञ्चालित अधुरा रहेका पूर्वाधार विकास सम्बन्धी आयोजना।

(८) उपनियम (१) बमोजिम आयोजना छनौट गर्दा देहाय बमोजिमका आयोजना समेत छनौट गर्न सकिनेछः-

(क) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भएको तर बजेट अभावका कारण कार्यान्वयन हुन नसकेका आयोजना,

(ख) सम्बन्धित गाउँ सभा वा नगर सभाबाट स्वीकृत भई बजेट विनियोजन भए तापनि पर्याप्त नभएको कारण बजेट थप गर्न सम्बन्धित स्थानीय तहले अनुरोध गरेका आयोजना,

(ग) प्रकोप वा विपदबाट क्षति भएका वा जोखिममा परेका र सो को पूनर्निर्माण, नियन्त्रण र रोकथामका निमित्त बजेट व्यवस्था नभएका वा बजेट व्यवस्था भए पनि पर्याप्त नभएका कारण बजेट थप गर्न आवश्यक देखिएका आयोजना।

(९) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा आयोजना स्थल, लागत, विनियोजित बजेट, उपभोक्ता समिति वा निर्माण व्यवसायीको नाम समेतको आयोजना सम्बन्धी पूर्ण विवरण सहितको जानकारी सम्बन्धित आयोजना स्थल, कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयको सूचनापाटी तथा वेबसाइटमा समेत राख्नु पर्नेछ।

(१०) कार्यक्रम अन्तर्गत कुल विनियोजित रकमलाई प्रदेश सभाको कूल निर्वाचन क्षेत्र संख्याले भाग गरी हुन आउने रकम बराबरको कार्यक्रम प्रत्येक निर्वाचन क्षेत्रमा विनियोजन गरिनेछ ।

(११) उपनियम (१०) बमोजिम प्रत्येक निर्वाचन क्षेत्रमा विनियोजित बजेटलाई त्यस्तो निर्वाचन क्षेत्रबाट प्रतिनिधित्व गर्ने प्रदेश सभा सदस्य सङ्ख्याले भाग गरी हुन आउने रकम बराबरको प्रत्येक प्रदेश सभा सदस्यले आयोजना छनौट गर्न सक्नेछ ।

(१२) उपनियम (११) बमोजिम आयोजना छनौट गर्दा प्रत्येक निर्वाचन क्षेत्रमा एक आर्थिक वर्षमा विनियोजित रकमको सीमाभित्र रही बढीमा तीस वटा आयोजना छनौट गर्न सकिनेछ।

(१३) उपनियम (१२) बमोजिम आयोजना छनौट गर्दा दुई लाख रुपैयाँ देखि तीन लाख रुपैयाँसम्म विनियोजन गर्नुपर्ने तीन वटामा नबढ्ने गरी आयोजना छनौट गर्न सकिनेछ ।

(१४) यस नियमावली बमोजिम कार्यान्वयन हुने आयोजनाको सम्बन्धमा मंसिर मसान्तभित्र सम्झौता गरी सक्नु पर्नेछ ।

तर सो अवधिभित्र कुनै कारणवश सम्झौता हुन नसकेमा समितिले सो आयोजना परिवर्तन गरी चैत्र मसान्तभित्र सम्बन्धित निर्वाचन क्षेत्रभित्रको अर्को आयोजना छनौट गरी सम्झौता गरी सक्नु पर्नेछ ।

(१५) उपनियम (१४) बमोजिम आयोजना परिवर्तन भएको जानकारी मन्त्रालय, विषयगत मन्त्रालय र सम्बन्धित लेखा नियन्त्रक कार्यालयमा समेत दिनु पर्नेछ।

(१६) समितिको सचिवले यस नियमावली बमोजिम आयोजना छनौटको विवरण मन्त्रालय, विषयगत मन्त्रालय र सम्बन्धित लेखा नियन्त्रक कार्यालयमा उपलब्ध गराउनु पर्नेछ।

(१७) उपनियम (१४) बमोजिमको अवधिमा सम्झौता हुन नसकेमा निर्देशक समितिले सम्झौता गर्ने समयावधि थप गर्न सक्नेछ।

९. <u>कार्यक्रममा साझेदारी गर्न सकिने:</u> (१) यस कार्यक्रमबाट कार्यान्वयन हुने आयोजनामा नेपाल सरकार, सम्बन्धित स्थानीय तह वा सामुदायिक संस्थाले आफ्नो मिल्दो कार्यक्रमबाट वित्तीय साझेदारी गर्न सक्नेछ।

(२) यस कार्यक्रम अन्तर्गत उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने आयोजनामा उपभोक्ता समितिले लागत साझेदारी गर्न सक्नेछ।

(३) यस कार्यक्रम अन्तर्गत छनौट भएका आयोजनामा विषयगत मन्त्रालयको कार्यक्रमबाट साझेदारी गर्न सकिनेछ।

(४) कार्यालयले उपनियम (१), (२) र (३) बमोजिमको रकम समावेश गरी आयोजनाको कुल लागत अनुमान तयार गर्नु पर्नेछ।

(५) समितिले लागत साझेदारी बढी हुने आयोजना छनौट गरी कार्यान्वयन गर्न प्राथमिकता दिने गरी मापदण्ड बनाउन सक्नेछ।

१०. <u>कार्यक्रमको सञ्चालन र कार्यान्वयन:</u> (१) समितिले यस नियमावली बमोजिम छनौट भएका कार्यक्रम कार्यान्वयनको लागि विषयगत मन्त्रालय र कार्यालयमा पठाउनु पर्नेछ।

(२) विषयगत मन्त्रालय वा कार्यालयले आफैं वा उपभोक्ता समिति मार्फत उपनियम (१) बमोजिम प्राप्त कार्यक्रमको सञ्चालन तथा कार्यान्वयन प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

(३) समितिले कार्यक्रम कार्यान्वयन प्रभावकारी बनाउन समन्वय तथा सहजीकरण गर्नु पर्नेछ।

११. <u>रकम निकासा सम्बन्धी व्यवस्था:</u> (१) समितिको सचिवले कार्तिक मसान्तभित्र अनुसूची २ बमोजिमको विवरण भरी मन्त्रालयमा पठाउनु पर्नेछ।

(२) मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्न भौतिक पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने मन्त्रालयमा खर्च गर्ने अख्तियारी प्रदान गर्नेछ।

(३) भौतिक पूर्वाधार विकास सम्बन्धी विषय हेर्ने मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्न अनुसूची -२ बमोजिम हुन आउने रकम सम्बन्धित लेखा नियन्त्रक कार्यालय मार्फत कार्यालयमा मंसिर मसान्तभित्र रकम निकासाको व्यवस्था मिलाउनु पर्नेछ ।

(४) समितिले नियम ७ बमोजिम आयोजना छनौट गरी पेश गरिसकेपछि प्रदेश सभाका सदस्यको कार्यकाल समाप्त भएपनि कार्यक्रम कार्यान्वयन तथा रकम निकासा गर्न बाधा पर्ने छैन।

१२. <u>सार्वजनिक परीक्षण:</u> (१) यस नियमावली बमोजिम सञ्चालित कार्यक्रमहरूको कार्य सम्पन्न भएपछि कार्यालयले सार्वजनिक परीक्षण गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको परीक्षण देहाय बमोजिम गर्न सकिनेछ।

(क) सार्वजनिक सुनुवाइ गरेर, वा

(ख) आम्दानी खर्चको विवरण जाँच गरेर, वा

(ग) नागरिक समाजबाट परीक्षण गराएर ।

(३) कार्यालयले उपनियम (१) बमोजिम सार्वजनिक परीक्षण गरे पछि मात्र अन्तिम भुक्तानी दिनु पर्नेछ ।

१३. <u>लेखा तथा लेखा परीक्षण:</u> (१) मन्त्रालयबाट प्राप्त अख्तियारी बमोजिमको रकम निकासा तथा खर्च सम्बन्धी सम्पूर्ण कार्यको जिम्मेवारी कार्यालयको हुनेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त रकमको आन्तरिक र अन्तिम लेखा परीक्षण कार्यालयले प्रचलित कानून बमोजिम गर्नु गराउनु पर्नेछ।

(३) कार्यालयले कार्यक्रमको चौमासिक प्रगति प्रतिवेदन र लेखा परीक्षण प्रतिवेदन विषयगत मन्त्रालय मार्फत मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ।

१४. <u>अनुगमन:</u> (१) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाको अनुगमन गर्न प्रदेशस्तरमा देहायका बमोजिमको एक अनुगमन समिति रहनेछः-

(क) मन्त्री, मन्त्रालय -संयोजक

(ख) सचिव, मन्त्रालय -सदस्य

(ग) सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय -सदस्य

(घ) सचिव, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय -सदस्य

(ङ) सम्बन्धित महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको अनुगमन समितिले आयोजनाको अनुगमन गर्दा सम्बन्धित क्षेत्रको प्रदेश सभा सदस्यलाई आमन्त्रण गर्नुपर्नेछ ।

(३) यस नियमावली बमोजिम कार्यान्वयन गरिने आयोजनाहरूको अनुगमन गर्न प्रत्येक प्रदेश सभा निर्वाचन क्षेत्रमा देहायका बमोजिमको अनुगमन समिति रहनेछः-

| | |
|---|---|
| (क) सम्बन्धित निर्वाचन क्षेत्रबाट समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित प्रदेश सभा सदस्यहरुमध्ये उमेरका हिसावले जेष्ठ प्रदेश सभा सदस्य | -संयोजक |
| (ख) सम्बन्धित निर्वाचन क्षेत्रको प्रदेश सभा सदस्य | - सदस्य |
| (ख) सम्बन्धित जिल्ला समन्वय समितिको उप प्रमुख | -सदस्य |
| (ग) सम्बन्धित स्थानीय तहको उपाध्यक्ष वा उप प्रमुख | -सदस्य |

(४) उपनियम (३) को खण्ड (क) बमोजिमको प्रदेश सभा सदस्य नभएमा खण्ड (ख) बमोजिमको प्रदेश सभा सदस्यले संयोजक भई काम गर्नेछ ।

(५) उपनियम (३) को खण्ड (क) र खण्ड (ख) बमोजिमको कुनै पनि प्रदेश सभा सदस्य नभएमा निर्देशक समितिले आवश्यक व्यवस्था गर्नेछ ।

(६) कार्यालय प्रमुख वा कार्यालयको अधिकृत प्रतिनिधिले उपनियम (३) बमोजिमको अनुगमन समितिको सचिव भई काम गर्नेछ।

(७) कुनै आयोजना कार्यान्वयनको सम्बन्धमा समय, लागत र गुणस्तर सम्बन्धी कुनै प्रश्न उठेमा कार्यक्रम निर्देशक समितिले सो सम्बन्धमा अनुगमन र जाँचबुझको लागि छुट्टै विशेष अनुगमन टोली गठन गर्न सक्नेछ।

(८) मन्त्रालयले समय समयमा यस नियमावली बमोजिम सञ्चालित आयोजनाको अनुगमन गर्न सक्नेछ।

(९) यस नियम बमोजिम गरिने अनुगमनका सन्दर्भमा दिइएका सुझाव कार्यान्वयन गर्नु सम्बन्धित उपभोक्ता समिति, निर्माण व्यवसायी तथा कार्यालयको कर्तव्य हुनेछ।

१५. <u>आयोजनाको सम्झौता, पेश्की, प्राविधिक मूल्याङ्कन, जाँचपास र फरफारकः</u> (१) आयोजनाको सम्झौता सम्पन्न भए पछि कार्यालयले प्रचलित कानून बमोजिम पेश्की उपलब्ध गराउन सक्नेछ।

(२) उपभोक्ता समिति मार्फत सञ्चालन भएको आयोजनाको हकमा भएको खर्चको बिल भौचर सहितको विवरण सम्बन्धित उपभोक्ता समितिले र ठेक्काबाट भएको हकमा ठेक्का बिल कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको विवरण प्राप्त भएपछि कार्यालयको प्रमुखले जाँचपासका लागि प्राविधिक कर्मचारी खटाई सम्पन्न भएका कामको सम्बन्धमा प्रतिवेदन पेश गर्न लगाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम खटिएको कर्मचारीले लागत अनुमान र बजेट अनुसार काम भए नभएको स्पष्ट खुलाई प्रतिवेदन दिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिमको प्रतिवेदनबाट खर्च अनुसारको काम भएको भन्ने देखिन आएमा कार्यालयले त्यस्तो कामको जाँचपास गरिदिन सक्नेछ।

(६) उपनियम (५) बमोजिम कार्यालयबाट जाँचपास भई सकेपछि कार्यालयको प्रमुखले प्रचलित कानून बमोजिम त्यस्तो कामको हिसाब फरफारक गरी सो को विवरण चौमासिक रुपमा सार्वजनिक गर्नु पर्नेछ।

१६. <u>कार्यक्रमको प्रशासनिक खर्च सम्बन्धी व्यवस्थाः</u> (१) कार्यक्रम अन्तर्गत आयोजना छनौट गर्न, अनुगमन गर्न, प्रतिवेदन गर्न तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक खर्च (कन्टिन्जेन्सी) को रुपमा प्रदेश लेखा नियन्त्रक कार्यालयले कुल बजेटको तीन प्रतिशत रकम दुई किस्तामा सोझै भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयमा उपलब्ध गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको प्रशासनिक खर्च बापत हुन आउने रकमलाई शत प्रतिशत मानी सो को बीस प्रतिशत रकम अनुगमन खर्चको लागि छुट्टाउनुपर्नेछ ।

(३) भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयले उपनियम (२) बमोजिम छुट्टाइएको रकमको पन्ध्र प्रतिशतले हुन आउने रकम मन्त्रालयमा र बाँकी पचासी प्रतिशतले हुन आउने रकम कार्यालयमा पठाउनेछ ।

(४) उपनियम (३) बमोजिम पचासी प्रतिशतले हुन आउने रकमलाई भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयले प्रदेश सभा निर्वाचन क्षेत्र तथा आवश्यकता अनुसार अन्य क्षेत्रमा प्रयोग गर्न छुट्टाउनेछ ।

(५) भौतिक पूर्वाधार, सहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयले कार्यक्रमका लागि उपनियम (१) बमोजिमको प्रशासनिक खर्चबापत प्राप्त रकम मध्ये अनुगमन खर्च बाहेकको रकमबाट आवश्यकता अनुसार इन्जिनियर तथा सब इन्जिनियर करारमा लिन सक्नेछ ।

१७. <u>कार्यक्रमको प्रतिवेदन तथा प्रगति समीक्षाः</u> (१) कार्यालयको प्रमुखले सञ्चालित कार्यक्रमको प्रगति प्रतिवेदन भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालयमा प्रत्येक चौमासिक अवधि समाप्त भएको मितिले सात दिनभित्र र मन्त्रालयमा आर्थिक वर्ष समाप्त भएको मितिले पन्ध्र दिनभित्र पठाउनु पर्नेछ।

(२) कार्यालयको प्रमुखले नियमित समीक्षा बैठकमा उपनियम (१) बमोजिमको प्रगति विवरण पेश गरी समीक्षा गर्नु पर्नेछ।

१८. <u>निर्देशक समितिले निर्देशन दिन सक्ने:</u> यस नियमावलीको कार्यान्वयनलाई थप पारदर्शी, जवाफदेही, व्यवस्थित र प्रभावकारी बनाउन निर्देशक समितिले आवश्यक निर्देशन दिन सक्नेछ। त्यस्तो निर्देशनको

पालना गर्नु सम्बन्धित मन्त्रालय, निर्वाचन क्षेत्र पूर्वाधार विकास समिति, अनुगमन समिति र कार्यालयको कर्तव्य हुनेछ।

१९. <u>अनुसूचीमा थपघट वा हेरफेर गर्न सक्ने:</u> मन्त्रालयले आवश्यकता अनुसार अनुसूचीमा थपघट तथा हेरफेर गर्न सक्नेछ।

२०. <u>बाधा अड्काउ फुकाउने:</u> यो नियमावली कार्यान्वयन गर्ने क्रममा कुनै द्विविधा उत्पन्न भई कार्यान्वयन गर्न बाधा अड्काउ भएमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

२१. <u>खारेजी र बचाऊ:</u> (१) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ खारेज गरिएको छ ।

(२) निर्वाचन क्षेत्र पूर्वाधार विकास कार्यक्रम (सञ्चालन कार्यविधि) नियमावली, २०७६ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरिएको मानिनेछ ।

अनुसूची-१

(नियम ८ को उपनियम (५) सँग सम्बन्धित)

कार्यक्रम कार्यान्वयन तालिका

( सम्बन्धित कार्यक्रम कार्यान्वयन हुने कार्यालय समेतमा पठाउने विवरण )

जिल्ला: .....................................

निर्वाचन क्षेत्र नं. .........................

प्रदेश सभा निर्वाचन क्षेत्र नं. .....................

| क.सं. | सञ्चालन हुने आयोजनाको विवरण | सञ्चालन हुने गा.पा./न.पा./वडा नं./टोल | लक्ष्य एकाइ | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | लागत साझेदारीमा आयोजना सञ्चालन गरिने भएमा प्रत्येक सहभागीले व्यहोर्ने रकम रु. | | | | | | लाभान्वित जनसंख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | कार्यक्रमबाट | प्रदेशस्तरबाट | स्थानीय तहबाट | गैसस वा अन्य | जनसहभागिता | जम्मा | | |
| | | | | | | | | | | | | | | |

संयोजक:

सदस्य:

सदस्य:

गण्डकी प्रदेश सरकार
कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय

सचिव

प्रमुख सचिव

अनुसूची-२

(नियम ८ को उपनियम (५) तथा नियम ११ को उपनियम (१) र (३) सँग सम्बन्धित)

कार्यक्रमको विवरण

आर्थिक वर्ष २०..../०...

जिल्लाः.........................

निर्वाचन क्षेत्र नं. .........................  प्रदेश सभा निर्वाचन क्षेत्र नं. ..........................

| क्र.सं. | विषय खुल्ने गरी कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने स्थानीय तह | योजनाको सङ्ख्या | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | | .................... | | | |
| २ | | .................... | | | |
| ३ | | .................... | | | |
| ४ | नियम १६ बमोजिम हुन आउने प्रशासनिक खर्च | | | | |
| | निर्वाचन क्षेत्रको जम्मा | | | | |

संयोजकः

सदस्यः

सदस्यः